# पूर्वाञ्चल विश्वविद्यालय
## परीक्षा व्यवस्थापन कार्यालय
विराटनगर, नेपाल

☎ : ५३२०२२,५३४८००(Ext. 112)
फ्याक्स : ९७७-२१-५२८४९१
पो.ब.नं. : १४२
इमेल : puoemgt@wlink.com.np


Office of the Examination Management
Biratnagar, Nepal

मितिः २०७४।१०।२६

श्री क्याम्पस प्रमुखज्यू,

**B.V.Sc.& AH / B.Sc. (Hon) Ag./ B. Tech. Biotechnology / B.Sc. Biotechnology / B. Food, Dairy Technology / B, Sc. Biochemistry** अध्यापनहुने सम्पूर्ण क्याम्पस/कलेजहरू ।

### विषयः- परीक्षा आवेदन फाराम भराई पठाई दिने बारे ।

पूर्वाञ्चल विश्वविद्यालयद्वारा विज्ञान तथा प्रविधि संकाय अन्तर्गत २०७४ / २०७५ सालमा सञ्चालन हुने **B. Sc. Hons. Ag. / B. Tech. Biotechnology / B.Sc. Biotechnology / B. Food, Dairy Technology/B, Sc. Biochemistry** शैक्षिक कार्यक्रम अन्तर्गत प्रथम, तेश्रो, पांचौ, सातौ र **B. V. Sc. & A.H.** शैक्षिक कार्यक्रम अन्तर्गत प्रथम, तेश्रो, पांचौ, सातौ र नवौ सेमेष्टर **नियमित तथा आंशिक** परीक्षाका लागि त्यस क्याम्पस / कलेजमा सम्बन्धित शैक्षिक कार्यक्रमको सम्बन्धित सेमेष्टरमा नियमित रूपमा अध्ययन गरी आन्तरिक मूल्याङ्कन परीक्षामा उत्तीर्ण भएका विद्यार्थीहरूलाई मिति २०७४।११।२० गते सम्म परीक्षा आवेदन फाराम भराई मिति २०७४।११।२३ गतेभित्र परीक्षा आवेदन फाराम, नियमानुसारको परीक्षा शुल्क र **सम्बन्धन शुल्क** वापतको रकम नविल बैंक स्थित यस कार्यालयको **CALL A/C 0706010310803** मा जम्मा गरी सो को सक्कलै भौचर यस कार्यालयमा उपलब्ध गराई दिनु हुन जानकारी गराइएको छ । सो मितिसम्म फाराम भर्न छुट भएकाहरुका लागि रू. ५००।- विलम्ब शूल्क लिई २०७४।११।२७ गते सम्म फाराम भराई २०७४।११।२८ गते यस कार्यालयमा पठाई सक्नु पर्ने छ । तोकिएको मितिभन्दा पछि परीक्षा शुरुहुनु भन्दा **पन्ध्र** दिन अगाडी सम्म रु १००० बिलम्ब शूल्क लिई परीक्षा आवेदन फाराम भराई नियमानुसारको शूल्क साथ परीक्षा आवेदन फाराम पठाउन सकिनेछ । **उक्त मितिभन्दा पछि प्राप्त भएका परीक्षा आवेदन फाराम उपर कुनै कारवाही नगरी सोझै फिर्ता पठाईने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।**

**परीक्षा फाराम साथ विश्वविद्यालयलाई नियमानुसार वुझाउनु पर्ने सम्बन्धन शूल्क प्राप्त नभएमा परीक्षा आवेदन फाराम फिर्ता पठाइने छ ।**

पुनश्चः सम्बन्धित शैक्षिक कार्यक्रमको पाठ्यक्रममा तोकिए अनुसारको पूर्णाङ्कको क्याम्पस स्तरमा लिइएको आन्तरिक मूल्याङ्कन परीक्षाको प्राप्ताङ्क अंग्रेजी वर्णानुक्रमानुसारको विद्यार्थीहरूको नाम भएको सिटमा उल्लेख गरी विषय शिक्षकको हस्ताक्षर र सोमा क्याम्पसका क्याम्पस प्रमुखले प्रमाणित गरी क्याम्पसको छाप लगाई अन्तिम परीक्षा शुरू हुने मितिभन्दा कम्तिमा ७ (सात) दिन पूर्व समष्टिगत प्राप्तांक तालिका समेत तयार पारी यस कार्यालयमा उपलब्ध गराउन जानकारी गराइएको छ । सो अवधिमा आन्तरिक मूल्याङ्कनको प्राप्ताङ्क उपलब्ध नभएमा त्यस्ता विद्यार्थीहरूलाई परीक्षामा सामेल नगराइने व्यहोरासमेत अवगत गराएको छु ।

| क्र. सं. | विवरण | परीक्षा शुल्क |
|---|---|---|
| १. | परीक्षा शुल्क (नियमित) | रू. ११००।- प्रति विद्यार्थी |
| २. | परीक्षा शुल्क (आंशिक) | १ विषय रू. ५००।- प्रति विद्यार्थी<br>२ विषय रू. ८००।- प्रति विद्यार्थी<br>२ भन्दा बढी विषय रू. ११००।- प्रति विद्यार्थी |
| ३. | सम्बन्धन शूल्क (नियमित) | **B. Sc. Hons. Ag** ८०००।- प्रति विद्यार्थी<br>**B. V. Sc. & A.H.,** ८०००।- प्रति विद्यार्थी<br>**Bachelor of Food/Dairy Tech.** रू.७०००।-प्रति विद्यार्थी<br>**B. Sc. Biotechnology** रू. ६०००।- प्रति विद्यार्थी<br>**B. Tech Biotechnology** रू.८०००।- प्रति विद्यार्थी<br>**B.Sc. Biochemistry** रू.७०००।- प्रति विद्यार्थी<br>(माथि उल्लेखित सम्बन्धन शुल्क २०१६ **Batch** देखी मात्र लागु हुनेछ ) |

परीक्षा नियन्त्रक

**नोट :** काठमाण्डौ उपत्यका भित्रका सम्पूर्ण क्याम्पस/कलेजहरूले पू.वि. काठमाण्डौ सम्पर्क कार्यालय सिनामगंलमा र अन्य क्याम्पस/कलेजहरूले परीक्षा व्यवस्थापन कार्यलय विराटनगरमा सम्बन्धित क्याम्पस/कलेजका प्रतिनिधि मार्फत परीक्षा आवेदन फारामहरू बुझाउनु हुन जानकारी गराइन्छ । अन्य कुनै पनी माध्यमद्वारा पठाइएका परीक्षा आवेदन फारामहरू स्विकृत नगरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।